**Journal of Bhuwanishankar (JoBS)**
**A Peer Reviewed Research Journal**
ISSN: 2961-1938 (Print), 2961-1946 (Online)

# नासो कथामा व्याकरणिक संसक्ति

**रञ्जु थापा***
rt6852889@gmail.com

Received: 29 August, 2024 Accepted: 20 September, 2024

**लेखसार**

*नासो कथामा व्याकरणिक संसक्ति शीर्षकको प्रस्तुत आलेख कथाकार गुरूप्रसाद मैनालीको नासो कथामा प्रयुक्त व्याकरणिक संसक्तिमा आधारित छ । व्याकरणिक संसक्तिअन्तर्गत सन्दर्भन, विलोपन, प्रतिस्थापन, संयोजन र निपातसम्बन्धी सैद्धान्तिक मान्यतामा आधारित भएर तयार गरिएको यो गुणात्मक अनुसन्धान हो । यसका लागि पुस्तकालयबाट सामग्री सङ्कलन गरी वर्णनात्मक र व्याख्यात्मक विधि अवलम्बन गरेर निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । कथालाई सुसङ्गठित एवम् संसक्तियुक्त बनाउनका निमित्त प्रयोग गरिएका व्याकरणिक संसक्तिअन्तर्गत सन्दर्भनले एउटै नाम पटकपटक दोहोरिएर कथालाई भद्दा र नीरस हुनबाट जोगाई वाक्यात्मक अन्तर्सम्बन्धलाई जोडेर संसक्त तुल्याएको कुरा देखाई विलोपनले कथामा सन्दर्भगत अर्थ नबिग्रिने गरी केही पदपदावली लोप गराई पाठ छरितो बनाएको कुरा देखाइएको छ । प्रतिस्थापनले पहिले नै भनिएको कुनै प्रसङ्गको सट्टा एउटै पद प्रयोग गरी कथाको भाव र वाक्यात्मक सम्बन्धलाई मजबुत गराएको हुन्छ । कथामा प्रयुक्त विचार एवम् विषयलाई जोडेर संयोजकले सुसङ्गठित सिलसिला तयार पारेको कुरा देखाइएको छ र कथामा प्रयुक्त निपातले यसलाई स्वादिलो, चम्किलो र व्यक्त गर्न खोजिएको आशयलाई अझ प्रस्ट पारेको कुरा पनि स्पष्ट पारिएको छ । सारमा सङ्कथनलाई सुसङ्गठित, छरितो, बान्कीयुक्त बनाउनका लागि व्याकरणिक संसक्तिअन्तर्गत रहेका सन्दर्भन, विलोपन, प्रतिस्थापन, संयोजक र निपातलाई उचित ढङ्गबाट प्रयोग गरिएको र यसो गरेकै कारण नासो कथामा भएका एकाइहरू अन्तर्सम्बन्धित, अन्वितिपूर्ण र संसक्तियुक्त भएका छन् भन्ने निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी**: निपात, प्रतिस्थापन, संयोजन, विलोपन, सन्दर्भन ।

## विषयपरिचय

नेपाली कथासाहित्यको इतिहासमा गुरूप्रसाद मैनाली (१९५७– २०२८) सामाजिक यथार्थको स्थापना गर्ने वा सामाजिक यथार्थवादी धाराको प्रवर्तन गर्ने पहिलो आधुनिक कथाकार हुन् । उनले नेपाली कथामा स्पष्ट विधागत स्वरूप भित्र्याएका छन् । नेपाली साहित्यमा अमूल्य योगदान दिएका मैनालीको 'नासो' (२०२०) *नासो* कथासङ्ग्रहमा सङ्कलित उत्कृष्ट सामाजिक यथार्थवादी कथा हो । यस कथाले मूल रूपमा सन्तान प्राप्तिका लागि बहुविवाह तत्पश्चात् सौतासौताबिचमा हुने मनोमालिन्य, यसले निम्त्याएको घरको बिग्रेको अवस्था र अन्त्यमा नासो समर्पणलाई मूल विषय बनाएको छ । सङ्कथन भाषाको वाक्यभन्दा माथिल्लो भाषिक एकाइ हो । एउटा सारपूर्ण कथनदेखि लिएर बृहत्तर कथनसम्म विस्तारित भएको भाषिक संरचना सङ्कथन हो । यो वाक्यभन्दा माथिल्लो स्तरको भाषिक एकाइ हो । यो मौखिक या लिखित अभिव्यक्तिसँग जोडिएको हुन्छ । मौखिक या लिखित अभिव्यक्ति, व्यावहारिक लेखन, साहित्यिक विधा आदि सङ्कथनअन्तर्गत पर्दछन् । सङ्कथन अर्थपूर्ण,

** रञ्जु थापा, विश्व निकेतन कलेज काठमाडौँमा नेपाली विभागीय प्रमुख हुनुहुन्छ ।*

अन्वितियुक्त र सन्दर्भमूलक हुन्छ । यसमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहभागी (वक्ता, श्रोता, अन्य व्यक्ति) र सन्दर्भ (स्थान, समय र विषय) जोडिएर आएका हुन्छन् । लघुसङ्कथनका संरचक एकाइ पद, पदावली र वाक्यहरू हुन्छन् भने बृहत्तर सङ्कथनका एकाइ अनुच्छेद र परिच्छेद हुन् । सङ्कथन आफैँमा एउटा पूर्ण स्वतन्त्र अभिव्यक्ति हो । यसअन्तर्गत मौखिक र लिखित दुवै स्वरूप समेटिन्छन् । सङ्कथन विश्लेषणमा भाषिक संरचनाको मात्र नभई त्यससँग जोडिएर आएका सामाजिक संरचना एवम् बाह्य सन्दर्भहरूको पनि विश्लेषण गरिन्छ । यहाँ 'नासो' कथामा व्याकरिणक संसक्ति कसरी कायम भएको छ भन्ने कुराको खोजी गरिएको छ । गुरूप्रसाद मैनालीको *'नासो'* कथाको अन्य किसिमले अध्ययन भए पनि सङ्कथन विश्लेषणअन्तर्गत व्याकरणिक संसक्तिको आधारमा अध्ययन नभएकाले यही शोधरिक्तताको परिपूर्तिका लागि यो अध्ययन गरिएको हो ।

## अध्ययनविधि

गुरूप्रसाद मैनालीद्वारा लिखित 'नासो' कथाको व्याकरणिक संसक्तिको आधारमा अध्ययन र विश्लेषणका सन्दर्भका लागि आवश्यक सामग्री सङ्कलन गर्दा प्राथमिक र द्वितीयक स्रोतको प्रयोग गरिएको छ । प्राथमिक स्रोतका लागि साझा प्रकाशनबाट प्रकाशित 'नासो' कथासङ्ग्रहभित्र सङ्ग्रहीत 'नासो' कथाका वाक्य, अनुच्छेद र सन्दर्भ आदिलाई लिइएको छ भने द्वितीयक स्रोतअन्तर्गत यसै विषयसँग सम्बन्धित सैद्धान्तिक ग्रन्थ, पूर्वअध्ययनका अनुसन्धानात्मक लेखहरू आदिबाट सामग्री लिइएको छ। यिनै प्राथमिक र द्वितीयक सामग्रीहरूको प्रयोग गरी वर्णनात्मक, व्याख्यात्मक र तुलनात्मक विधिको प्रयोग गरी निगमनात्मक पद्धतिबाट कथाको व्याकरणिक संसक्ति विश्लेषण गरिएको छ ।

प्रायोगिक भाषाविज्ञानका क्षेत्रमा सन् १९६० को दशकपछि विकसित भएको सङ्कथन विश्लेषण अङ्ग्रेजीको ' डिस्कोर्स एनालाइसिस' पदावलीको नेपाली रूपान्तरण हो । अङ्ग्रेजी 'डिस्कोर्स' शब्दमा 'एनालाइसिस' जोडिँदा 'डिस्कोर्स एनालाइसिस' वा 'सङ्कथन विश्लेषण' पदावली निर्माण भएको पाइन्छ । 'डिस्कोर्स' शब्दको नेपाली रूपान्तरण गर्दा दौडनु, दौडिरहनु र अघि-पछि गर्दै दौडनु भन्ने हुन्छ । संसक्ति ठुलो व्याकरणिक मन्त्र नभएर वाक्यका रसायनमा आउने तर आकारमा भिन्नता देखाउने र एउटा पाठलाई व्याकरणका एकाइका रूपमा नभई फरक प्रकारका विचारलाई पूर्ण रूपमा व्यक्त गर्नु हो (ह्यालिडे र हसन, सन् १०७६, पृ. ४) । त्यसकारण सङ्कथन विश्लेषणलाई भाषानिष्ठ अध्ययन मानिन्छ र यो भाषिक उक्ति पनि हो (घिमिरे, २०६९, पृ. ७) । भाषामा केन्द्रित भएर नै यसले प्रदान गर्ने अर्थहरूको खोजी गरिन्छ । भाषाभन्दा बाहिर भएर भाषाले सङ्केत नै नगरेका अर्थहरूको खोजी गरिँदैन । पाठमा प्रयुक्त भाषाले जति अर्थ सन्दर्भहरूलाई तानेर ल्याउन सक्छ, त्यसको मात्र खोजी गरिन्छ । पाठमा प्रयुक्त भएको भाषा उपयुक्त संरचनामा मिलेको हुनुपर्छ । अर्थ पनि कार्यकारण शृङ्खलामा आएको हुनुपर्छ । सङ्कथन या पाठमा प्रयुक्त हुने भाषामा व्याकरणिक र कोशीय शब्दहरू आएका हुन्छन् (पौडेल र पोखेल, २०७१, पृ.११-१२) । सङ्कथन विश्लेषणमा सम्बद्धक (कोहेजन) र सम्बद्धन (कोहेरेन्स) दुई पक्षलाई आधार बनाइन्छ । सम्बद्धकअन्तर्गत व्याकरणिक संसक्ति र कोशीय संसक्ति पर्दछन् । संसक्ति भनेको कुनै पनि पाठभित्र हुने अन्तर्सम्बन्ध हो, अनुच्छेदभित्रका वाक्यहरूमा भावप्रवाह सिर्जना गर्ने विशिष्ट ढाँचा हो । संसक्ति त्यस्तो रसायन हो, जसले कुनै पाठभित्रका एकाइहरू (संवाद, मनोवाद, अनुच्छेद, वाक्य, उपवाक्य, पदावली आदि) लाई एकताबद्ध गर्दछ, सुसङ्गठित बनाउँदछ । संसक्ति व्याकरणिक र शाब्दिक वा कोशीय गरी दुई प्रकारका हुन्छन् । व्याकरणिक संसक्तिअन्तर्गत निर्देशन, सार्वनामीकरण, लोप वा विलोपन, प्रतिस्थापन र संयोजन हुन् (गौतम, २०६८, ५७५-५७९) । संसक्ति उच्चारणभित्रका एकाइका बिचको सम्बन्ध हो । यसरी संसक्ति पाठभित्रका एकाइहरूलाई एकीकृत

र संगठित बनाउने प्रक्रिया हो । यसले पाठका अनुच्छेद तथा पाठभित्रका एकाइहरूलाई आपसमा सुसङ्गठित बनाउँछ ।

पाठभित्रको भाषिक अन्तर्सम्बन्धलाई संसक्ति भनिन्छ । यसले वाक्य, संवाद, अनुच्छेद आदि एकाइलाई सुसङ्गठित र अन्वितिपूर्ण तुल्याउनुका साथै भावलाई संसक्त बनाउँछ । यहाँ संसक्तिलाई भाषिक जोर्नीका रूपमा पनि लिइएको छ जसले सङ्कथनमा संरचक एकाइलाई जोड्ने काम गर्दछ । सङ्कथन विश्लेषण गर्न व्याकरणिक संसक्ति र कोशीय संसक्ति गरी दुई किसिमको संसक्ति व्यवस्था अँगाल्ने गरिन्छ । व्याकरणिक संसक्ति मुख्यतः सन्दर्भन वा निर्देशन, लोप, प्रतिस्थापन र संयोजन गरी चार प्रकारको हुन्छ (भट्टराई, २०७१, पृ. ५१) । भाषिक कोटिहरूको निर्देशनका कारण व्याकरणिक संसक्ति सबल बनेको हुन्छ । त्यसरी निर्देशनका क्रममा सर्वनामीकरण, लोप वा विलोपन, प्रतिस्थापन र संयोजनको प्रक्रिया अपनाइन्छ । व्याकरणिक एकाइहरूद्वारा निर्मित संसक्ति नै व्याकरणिक संसक्ति हो । यसले सङ्कथनमा अभिव्यक्त भएको विचारलाई परस्परमा उन्ने सिक्रीको भूमिका खेलेको हुन्छ (भुसाल, २०७८, पृ.५३) । यहाँ पनि व्याकरणिक संसक्ति कायम हुनका लागि सन्दर्भन वा सार्वनामीकरण, लोप, संयोजन र प्रतिस्थापनलाई जोड दिएको छ । संसक्तिले पाठमा भाषिक जोर्नीको रूपमा काम गरेको हुन्छ । वाक्य वा वाक्यभन्दा माथिल्ला भाषिक एकाइका बिच अन्तर्सम्बन्ध जनाउन आउने सार्वनामिक, कालिक आदि भाषिक तत्त्वलाई सम्बद्धकका रूपमा लिन सकिन्छ (अधिकारी, २०७४, पृ.२७२) । व्याकरणिक संसक्ति सङ्कथनको संरचनात्मक विषयसँग सम्बन्धित पक्ष हो र यो सङ्कथनमा व्यक्त विषयलाई परस्परमा सम्बन्धित तुल्याउने साङ्लोका रूपमा आउने गर्दछ । व्याकरणिक संसक्तिले कुनै पनि पाठमा प्रयुक्त भएको भाषाको बन्द व्यवस्थालाई जनाउँछ । कुनै पनि भाषामा रहेका कालिक र स्थानिक सर्वनाम, संयोजक, प्रतिस्थापन, लोप, निपात आदिलाई व्याकरणिक एकाइ वा कोटिअन्तर्गत राख्न सकिन्छ । कुनै पनि सङ्कथनलाई अर्थपूर्ण बनाउन ती तत्त्वहरूले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । ती व्याकरणिक तत्त्वको आधारमा 'नासो' कथाको विश्लेषण गरिएको छ ।

## परिणाम र विमर्श

गुरूप्रसाद मैनालीको 'नासो' नेपालको सामाजिक यथार्थलाई चित्रण गरिएको कथा हो । नेपाली समाजबाटै सामग्री लिएर रचना गरिएको यस कथाको विषयवस्तु, पात्र, परिवेश नितान्त सामाजिक यथार्थले युक्त छन् । यस कथाले मूल रूपमा हाम्रा समाजका पारिवारिक झगडा र दायित्वलाई केन्द्रीय विषय मानेको छ । यस कथालाई सङ्कथन विश्लेषणअन्तर्गत व्याकरणिक संसक्तिको सिद्धान्तको आधारमा निम्नानुसार विश्लेषण गरिएको छ :

### नासो कथामा सन्दर्भन

एउटै नामपदलाई पटकपटक प्रयोग गर्दा सङ्कथन भद्दा र नीरस हुने भएकाले तिनको सट्टामा सर्वनामको प्रयोग गरिन्छ । सर्वनामले नामको आवृत्ति रोक्नुका साथै वाक्यात्मक अन्तर्सम्बन्धलाई जोड्ने कार्य गरी अनुच्छेदलाई संसक्त तुल्याउँदछ । सङ्कथन विश्लेषणका क्रममा कुनै पनि पाठको सन्दर्भहरूको खोजी गरिन्छ । सन्दर्भमा ती भौतिक पक्षहरू जस्तै स्थान, समय, काल, पक्ष, विषयलगायत भाषिक अन्तर्क्रियामा सम्बद्ध विविध पक्षहरू पर्दछन् (गि, सन् १९९९) । संसक्ति व्यवस्थामा सन्दर्भन वा निर्देशन भनेको पाठभित्र आएका व्यक्ति, स्थान, काल आदिलाई जनाउने प्रक्रिया हो (भट्टराई, २०७१, पृ.५१) । यसरी हेर्दा सन्दर्भन अनुच्छेदमा नामपदको सट्टामा सर्वनामको प्रयोग गर्ने प्रक्रिया हो । सन्दर्भनहरू निर्देशक कोटिका रूपमा पाठभित्रका सन्दर्भ वा पाठबाहिरका सन्दर्भ जनाउन

आउँछन् । पाठभित्रका सन्दर्भ जनाउन आउँदा यिनीहरू अन्तःसन्दर्भसूचक हुन्छन् भने पाठबाहिरका सन्दर्भ जनाउन आउँदा यिनीहरू बाह्यसन्दर्भसूचक हुन्छन् । सन्दर्भनको प्रयोगले कुनै पनि सङ्कथनलाई भावप्रवाहगत रूपमा संशक्त बनाएका हुन्छन् । अनुच्छेद वा पाठमा एक पदको पुनरावृत्तिको विकल्पमा प्रयोग हुने सर्वनाम पदहरूले सन्दर्भनको काम गर्नेहुनाले यसलाई सार्वनामिक संसक्ति पनि भनिन्छ । 'नासो' कथाका सन्दर्भमा यस्ता सन्दर्भनहरूको प्रयोग सुरूदेखि अन्त्यसम्म नै विभिन्न अवस्थामा आएका छन् । 'नासो' कथामा स्थानवाचक शब्दका सट्टामा प्रयोग गरिएका सन्दर्भनहरू प्रशस्त मात्रामा पाइएका छन्, जसले पुनरावृत्तिको बोझलाई न्यूनीकरण गर्दै कथालाई संशक्त तुल्याएका छन् :

> "देवीरमण फलैंचामा बसेर यो अनुपम आनन्दप्रद बालक्रीडा हेरिरहेका थिए । उनलाई स्वर्गको डिलबाट पितृहरू पनि यस कुलावलम्बको बाललीला हेरिरहेका होलान् भन्ने भान भइरहेथ्यो । उनी यो शिशु सन्तानका आडमा एक महान् बलिष्ठ शक्ति लुकिरहेको देख्थे । सन्तानेच्छुक देवीरमणले आज यो देख्न पाए ।" (पृ.४) ।

प्रस्तुत सङ्कथनमा 'देवीरमण' पदको सट्टामा 'उन', 'उनी' 'बालक्रीडा' पदको सट्टामा 'यस' सन्तानको सट्टा 'यो' पद आएको छ। यस्ता सन्दर्भनका प्रयोगले कथा सलल बगेको छ भने जतातत्तै नाम दोहोरिएर भद्दा हुनबाट पनि कथा जोगिएको छ र बान्की मिलेर वाक्यहरू संसक्तियुक्त बनेका छन् ।

> "सुभद्राले भनिन्- 'तीर्थबर्त गर्न मलाई पो लैजानुपर्थ्यो । मेरो को छ र, छोरा न छोरी ! उसको उमेर थियो, जाँदै गर्दी हो । ऊ छोरा पाएकी स्वास्नी भई, वचन हार्न सक्नुभएन । म टेक्नेसमाउने केही नभएकी अनाथ; मेरो केको खोजी थियो ! मानिस बलेकै आगो न ताप्छन् ! जसलाई परमेश्वरले ठगेको छ, उसलाई मानिस पनि हेलाँ गर्छन् ।" (पृ.५) ।

प्रस्तुत सङ्कथनमा 'सुभद्रा' पदको सट्टा 'म', 'मलाई', 'जस' पद दुलहीका सट्टा 'उस', 'ऊ' पद प्रयोग भएको छ। यसले अनावश्यक रूपमा पुनरावृत्ति भइरहने नामलाई हटाएर कथामा व्याकरणिक संसक्तिको व्यवस्थापन गरेको छ। यसले कथालाई प्राकृतिक सुन्दरतासमेत प्रदान गरेको छ ।

> "आज उही कुरा सम्झिन्, मनमनले भनिन्- 'हो ! यो आकाशमा बसेर केही दिन पुण्यभोग गर्ने देवताकाझैं म पनि सल्ल बगैं । यिनीहरू पुण्य समाप्त भएपछि स्वर्गबाट चिप्लेर खस्छन्, हामी भोक, प्यास, दुःख, पीरले निस्तेज तथा ढलमल भएर पृथ्वीको पृथ्वीमै खस्छौं । हामी खसिसकेपछिको बीभत्स रूप अरु शेष भोक, प्यासा, दुःखीहरूले देख्छन् ।' '(पृ.५)

प्रस्तुत सङ्कथनमा 'आकाशका देवगण पुण्य सिद्धिनाले स्वर्गबाट पतन भएका' भन्ने पदावलीको ठाउँमा 'उही' पदको प्रयोग भएको छ। त्यसैगरी 'म', 'यो', 'यिनीहरू', 'हामी' लगायतका सन्दर्भनहरूको प्रयोगले यहाँ प्रस्तुत विचारलाई व्याकरणिक संसक्तियुक्त बनाएको छ।

> "हरे परमेश्वर ! म पापी हुँ, मेरो जीवनलाई हजारबार धिक्कार छ ! सुभद्रा मेरी गृहलक्ष्मी हो,ऊ गएदेखि विपत्तिको बादलले घेरिरहेछ ! हामीलाई नभए पनि यो बालक सन्तानलाई सम्झनुपर्ने, सबैलाई चटक्कै बिर्सी । इत्यादि दुःखमनाउ गरेर आँसु झार्दै भने- "नौली ! तँ आइछेस्, घरको सम्भार राखेस्, म भोलि बिहानै नेपाल जान्छु ।" (पृ.७)

प्रस्तुत कथांशमा सुभद्राले घर छोडेर हिँडेदेखि घरको बिजोक भएको तथा उसले पनि नेपालमा सुख नपाएको कुरा नौलीबाट थाहा पाएपछि देवीरमणले पश्चाताप गरेको र भोलि नै सुभद्रालाई लिन नेपाल जाने सन्दर्भमा देवीरमणले

बोल्दा यहाँ 'म', मेरो', 'मेरी', 'ऊ', 'हामी' 'तँ' लगायतका सन्दर्भनहरूको प्रयोग गरिएको छ । यो प्रयोगले सङ्कथन विशिष्ट एवम् व्याकरणिक संसक्तियुक्त बनेको छ ।

समग्रतया सङ्कथनमा अभिव्यक्त विचारलाई सङ्गठित बनाउँदै उपयुक्त कार्यकारण शृङ्खलामा बाँधी विचारलाई अर्थपूर्ण बनाउन सन्दर्भनको प्रयोग गरिएको हुन्छ । यस्ता सन्दर्भनहरूले विचारलाई अन्वितिपूर्ण बनाउने कार्य गरेका हुन्छन् ।

**नासो कथामा लोप**

अनुच्छेदभित्र सन्दर्भबाट अर्थ बुझिने भएमा वाक्यअन्तर्गत आउने कर्ता, कर्म, पूरक तथा क्रिया आदिलाई पटक पटक प्रयोग नगरी लोप गरिन्छ । त्यस्ता पदहरूको लोप गर्दा वाक्यहरूका बिचको अन्तरसम्बन्ध र भाव भने खलबलिनु हुँदैन । यसो गर्दा पनि अनुच्छेद संसक्त भएको हुन्छ । पाठभित्रको अर्थलाई अध्याहार वा पूर्वानुमानबाट बुझ्न सक्ने तुल्याउनु नै लोप वा विलोपन हो (भट्टराई, २०७१, पृ. ५३) । पाठमा सन्दर्भगत अर्थ नबिग्रिने गरी कुनै पनि शब्द हराउनेगर्छ । त्यो शब्द हराउँदा पनि प्रस्तुत पाठले प्रदान गर्ने अर्थमा फरक आउँदैन भने त्यो लोप संसक्ति हुन आउँछ । 'नासो' कथामा पनि यस्ता पदलोप धेरै भएका छन् । त्यति हुँदाहुँदै पनि पाठ अझ अर्थपूर्ण तथा छरितो बन्न गएको देखिन्छ ।

"सानु ! तिम्रो ओछ्यान खोइ नि ?"

"पल्लो कोठामा छ ।"

"किन पल्लो कोठामा सारेको ?" (पृ.२)

देवीरमण र सुभद्राबिचको यस संवादमा पहिलो वाक्यमा आएको ओछ्यान शब्द पछिल्ला दुई वाक्यमा लोप भएको छ । "पल्लो कोठामा छ ।" र "किन पल्लो कोठामा सारेकी ?" भन्ने सन्दर्भ ओछ्यानकै सन्दर्भमा आएको हुनाले यहाँ अर्थमा फरक आएको देखिँदैन, त्यसैले केही शब्दको लोपले पनि सङ्कथनलाई संसक्तियुक्त बनाउँछन् । ''घरमा चञ्चलाश्री भईकन पनि देवीरमणका सन्तान थिएनन् । सन्तान होस् भन्नका निम्ति हरएक उपाय गरे । चौतारो चिने, बाटो खने, पशुपतिमा महादीप बाले, गए साल हरिवंश पुराण लगाए, तैपनि उनको कोख सफल हुन सकेन ।'' (पृ.१) प्रस्तुत सङ्कथनको पहिलो वाक्यमा आएको 'देवीरमण' पद अरु पछिल्ला वाक्यमा आएको छैन अर्थात् पछिल्ला वाक्यहरूमा 'देवीरमण' पद लोप भएको छ । अघिल्लो वाक्यकै सन्दर्भलाई हेरेर पछिल्ला वाक्यहरूमा सन्तान होस् भन्नका निम्ति हरएक उपाय गर्ने, चौतारो चिन्ने, बाटो खन्ने, पशुपतिमा महादीप बाल्ने, हरिवंश पुराण लगाउने अरु कोही नभएर देवीरमण नै हुन् भन्ने बुझ्न सकिन्छ ।

''बज्यै घरको हाल के भनूँ, सम्झँदा पनि आँसु आउँछ । छ महिना भो, दुलही बज्यै बिरामी हुनुहुन्छ ।''

''के हुन्छ ?'' सुभद्राले साह्रै उत्सुकतासाथ सोधिन् । (पृ.८)

''तपनी जरो छ; 'छाती दुख्छ' भन्नुहुन्छ । रातभर खोकिरहनुहुन्छ । गोरखा मूलका डाग्डर सुबिदारलाई देखाउँदा 'थाइसी' भने कि 'खाक्सी' अहिले सम्झन सकिनँ,साह्रै नराम्रो रोग हो अरे; सुकेर हाडछालामात्र छ । बोकेर बाहिरभित्र गराउनुपर्छ ।'' (पृ.६)

सुभद्रा र नौलीबिचको यस संवादमा पहिलो वाक्यमा आएको 'दुलही बज्यै' पद पछिल्ला सबै वाक्यमा लोप भएको छ । सुभद्राले साह्रै उत्सुकतासाथ सोधेको, तपनी जरो आएको, छाती दुखेको, रातभर खोकिरहने, सुकेर हाडछाला भएकी, बोकेर बाहिरभित्र गर्नुपर्ने अरु कोही नभएर दुलही बज्यै हुन् । पहिलो वाक्यमै कसको कुरा हुदैछ भन्ने कुरा

प्रस्ट छ भने यही सन्दर्भले पछिल्ला वाक्यमा 'दुलही बज्यै' पद लोप हुँदा पनि संवादले पूर्णता पाएको छ।

"बाजे यस बखतमा ठूली बज्यै भए सबै कुराको सम्भार हुने थियो, के गरूँ, जाऊँ भनेको मान्नुभएन।"

"के तैँले भेटिस् र ?"

"पशुपतिनाथको मन्दिरनिर भेटेथेँ।"

"कस्ती थिई ?"

"एकदम दुब्ली, मैला लुगा लगाएकी, मायालाग्दी।"

"कहाँ बसेकी रैछ ?"

"गौरीघाट फुपूकहाँ बसेकी छु। फुपूलाई सरकारबाट एक हुण्डी बक्सेको छ, त्यसैबाट दुईजनाले गुजारा चलाएका छौँ भन्नुहुन्थ्यो।" –(पृ.७)

नौली र देवीरमणबिच भएको यस संवादमा पहिलो वाक्यमा प्रयोग भएको 'ठूली बज्यै' पद पछिल्ला कुनै पनि वाक्यमा आएको छैन अर्थात् पछिल्ला सबै वाक्यमा लोप गरिएको छ। देवीरमणले नौलीलाई तैँले भेटिस् र भनेर सोधेको, नौलीले पशुपतिनाथको मन्दिरनिर भेटेको भनेको, फेरि देवीरमणले कस्ती थिई भनेर सोधेको, नौलीले एकदम दुब्ली, मैला लुगा लगाएकी, मायालाग्दी भनेको, देवीरमणले कहाँ बसेकी रैछ भन्दा नौलीले गौरीघाट फुपूकहाँ सरकारबाट बक्सेको हुण्डीबाट गुजारा चलाउँदै गरेको रहेछ भनेर बताएको व्यक्ति अरु कोही नभएर 'ठूली बज्यै' हुन् तर यहाँ 'ठूली बज्यै' पद लोप गरेर व्याकरणिक संसक्ति कायम गरिएको छ।

"सानो बाबु कस्तो छ नि ?"

"कस्ता हुन्थे, जीउभरि खटिरा छन्; तेल लाउन हुँदैन; 'आमा कहिले आउनुहुन्छ ? भनेर बराबर तपाईंलाई सम्झिरहन्छन्।"

"भात को पकाउँछ नि ?"

"कहिले बाजे आफैँ पकाउनुहुन्छ, कहिले चमेना खाएर सुत्नुहुन्छ। एकदिन बार्दलीमा बसेर एक्लै रोइरहनुभएको रहेछ।" (पृ.६)

नौली र सुभद्राबिच भएको यस संवादमा पहिलो वाक्यमा प्रयोग भएको 'सानो बाबु' पद पछिल्ला कुनै पनि वाक्यमा आएको छैन अर्थात् पछिल्ला सबै वाक्यमा लोप गरिएको छ। नौलीले जीउभरि खटिरा भएको, तेल लाउन नहुने, आमा कहिले आउनुहुन्छ भनेर सोधिरहने अरु कोही नभएर सानो बाबु हो। त्यसैगरी कहिलेकाहीँ चमेनामात्र खाएर सुत्ने र एकदिन बार्दलीमा बसेर रुने व्यक्ति 'बाजे' अर्थात् 'देवीरमण' हुन्। यहाँ 'सानो बाबु' र 'बाजे' पद लोप गरी सङ्कथनलाई व्याकरणिक संसक्तियुक्त बनाइएको छ।

"बज्यै ! जन्मभर अर्काकी दासी भएर बस्नुपर्‍यो, चारोटा अक्षता भए पनि छरेर आऊँ भनेर बाजेसँग बीसै दिनको बिदा मागेर आएकी।"

"कोसँग आइस् ?"

"रातमाटे भँडारी पण्डितकी जहानसँग।"

"कैले जान्छेस् ?"

"भोलि बिहानै। बज्यै ! बिन्ती छ, घर जाऔँ तपाईं नभए बाजेको जहाजै डुब्छ।" (पृ.६)

प्रस्तुत सङ्कथनमा नौली र सुभद्राबिच संवाद भएको छ र यहाँ सुभद्रालाई सुरुमै एकपल्ट नौलीले 'बजै' भनेर सम्बोधन गरेकी छ भने अरु सबै ठाउँमा 'बज्यै' पद लोप गरिएको छ। सङ्कथनमा कोसँग आइस् र कहिले जान्छेस् भनेर

नौलीलाई सोध्ने व्यक्ति सुभद्रा हुन् । त्यसैगरी 'नौली' पद पनि यहाँ लोप गरिएको छ । सङ्कथनमा जीवनभर अर्काकी दासी हुनुपरेकी, चारोटा अक्षता छर्न हिँडेकी, बीस दिनको बिदा मागेर आएकी, रातमाटे भँडारीकी जहानसँग आएकी र भोलि बिहानै फर्किने सुर भएकी अरु कोही नभएर 'नौली' हो । सङ्कथनको अगाडिको प्रसङ्गले यो कुरा बुझिएको छ । यसरी पुनरावृत्तिको बोझलाई न्यूनीकरण गर्दै कथालाई व्याकरणिक संसक्तियुक्त तुल्याइएको छ ।

यसप्रकार 'नासो' कथामा यस्ता शाब्दिक लोप धेरै ठाउँमा गरिए पनि सरल र प्रवाहपरक सङ्कथन देख्न सकिन्छ । यस्तो कार्यले सङ्कथन व्याकरणिक संसक्तियुक्त भई सहज संरचनाको स्थिति रहेको छ, कतै अपुरो अनुभूति भएको छैन बरु वाक्यहरू छरिता बनेका छन् ।

**नासो कथामा प्रतिस्थापन**

सङ्कथनमा पहिले नै भनिएको कुरा, विषय वा भनाइका सट्टामा अन्य पद प्रयोग गर्ने प्रक्रिया प्रतिस्थापन हो । यसर्थ, तसर्थ, यसरी, त्यसरी, यसप्रकार, एवम् रीतले, त्यसो भनेर, यसो गरेर, त्यसो भएको हुनाले, जुन बेला आदि प्रतिस्थापक पदले भाव र वाक्यात्मक अन्तर्सम्बन्धलाई संसक्त तुल्याउँछन् । पाठभित्र पहिले नै उल्लेख भएका पद, पदावली, वाक्य तथा अनुच्छेदका सट्टामा विशेष शब्द वा पदावली प्रयोग गरिने विधिलाई नै प्रतिस्थापन भनिन्छ (भट्टराई, २०७१, पृ. ५४) । पाठमा पुनरावृत्तिको बोझलाई कम गराई वा सङ्कथनलाई छरितो र अर्थपूर्ण बनाउनका निम्ति पदहरू प्रतिस्थापन गर्ने गरिन्छ । यस्तो प्रतिस्थापन पद, पदावली, वाक्य तथा वाक्य समूहका तहसम्म हुने गर्दछ । 'नासो' कथामा पनि प्रतिस्थापन प्रयोग भएको पाइन्छ । "देवीरमण मण्डपमा बसेका थिए । नयाँ दुलही पनि एकै आसनमा थिइन् । ब्राह्मणहरू ऋचा पढेर अग्निमा आहुति दिइरहेका थिए । प्रारब्धले यो उमेरमा उनलाई फेरि दुलाहा बनायो । एकदिन यस्तै रीतसँग उनले सुभद्राको पाणिग्रहण गरेथे ।" (पृ.१) प्रस्तुत सङ्कथनमा देवीरमण मण्डपमा बसेका, नयाँ दुलही पनि एकै आसनमा भएकी, ब्राह्मणहरूले ऋचा पढ्दै आहुति दिइरहेका सम्पूर्ण सन्दर्भका सट्टा पछिल्लो वाक्यमा यस्तै रीतसँग भन्ने पदावली आएको छ । जसले गर्दा वाक्यहरूको पुनरुक्तिलाई नियन्त्रित गरी छरितो तथा सुहाउँदो कथन प्रवाह भएको छ । यसरी प्रतिस्थापनले पनि व्याकरणिक संसक्ति कायम गरेको पाइएको छ । नासो कथा सङ्ग्रहमा सङ्गृहीत 'नासो' कथामा एक ठाउँमा मात्र प्रतिस्थापन प्रयोग गरिएको छ । यसले पहिले नै भनिसकेका कुरा जस्ताकोतस्तै दोहोऱ्याइरहनुपर्ने झमेलाबाट मुक्ति दिएको छ र सङ्कथनलाई व्याकरणिक संसक्तियुक्त बनाएको छ ।

**नासो कथामा संयोजन**

एउटै अनुच्छेदभित्र मूल विचारसँग सम्बद्ध विभिन्न विचार वा विषयलाई जोड्ने कार्य संयोजक पदले गर्दछन् र यस्तो प्रक्रियालाई संयोजन भनिन्छ । र, तथा, अनि, पनि समुच्चयवाचक, वा, या, अथवा, कि विकल्पवाचक, तर, किन्तु, परन्तु, तापनि, यद्यपि, तथापि, विरोधवाचक, यसर्थ, तसर्थ, अतः, यसरी परिणामवाचक, किनभने, किनकि, भनेदेखि कारणवाचक, यदि, भने सङ्केतवाचक आदि संयोजक शब्दले वाक्यलाई जोडी अनुच्छेदलाई संसक्त तुल्याउँछन् । संयोजनका माध्यमले वाक्यहरू बिचका सकारात्मक र नकारात्मक, अनकूल र प्रतिकूल, सहबोधक र विपरीतबोधक आदि पाठगत अर्थको अन्तर्सम्बन्ध स्थापित गर्ने प्रक्रियालाई संयोजन भनिन्छ (भट्टराई, २०७१, पृ. ५४) । संयोजनले भाषिक जोर्नीलाई आपसमा बाँध्ने काम गर्छ । कुनै पनि सङ्कथनमा आएका स्वतन्त्र कथनहरूलाई एकाकार गरी बाँध्ने काम संयोजकले गर्दछ । यस्ता संयोजकहरू विभिन्न किसिमका हुन्छन् । प्रस्तुत 'नासो' कथामा

पनि विविध संयोजकहरूको प्रयोग गरी वाक्यहरूलाई सुगठित बनाउने काम भएको छ।

“उनको एक्लै जाने विचार थियो, परन्तु गाउँका कैयन् बूढा-बूढी, विधवा स्वास्नीमानिसहरू पनि तयार भए ।” (पृ.४) प्रस्तुत सङ्कथनमा परन्तु संयोजकले निषेधात्मक सम्बन्धलाई जोडेको छ। देवीरमणले एक्लै जाने विचार लिएका तथा गाउँमा कैयन् बूढा-बूढी, विधवा, स्वास्नीमानिसहरू तयार भएका दुईवटा अलग वाक्यलाई परन्तु शब्दले जोडी देवीरमणको विचारलाई निषेध गर्ने काम गरेको छ। आफ्नो विचारदेखि पछि हट्दैछन् भन्ने सङ्केत परन्तुले गरेको छ। ‘‘जान ता सुभद्रा जान्थिन् कि जाँदैनथिन्, एक वचन सोधेकोसम्म भए उनको आँसु पुछिने थियो।” (पृ.५) दोस्रो वाक्यांशमा प्रस्तुत कि संयोजकले विपरीत अर्थ बुझाउने क्रियापदलाई जोडेको छ। सुभद्रा जान्थिन्, सुभद्रा जाँदैनथिन् भन्ने विपरीतार्थीले अलग सम्बन्ध जोडेको छ। यसरी विपरीत अर्थ दिने वाक्यहरूलाई कि संयोजकले जोडी अनिश्चय बुझाउने बनाएको छ। “जोरीपारीसँग ठोकाबाजी पर्दा धन, बल, बुद्धि सबै कुरामा देवीरमणको जित हुन्थ्यो तर ‘अपुतो’ भनेको सुन्नेबित्तिकै उनको अभिमान धूलो हुन्थ्यो, आत्मग्लानिले पानी हुन्थे।’’ (पृ.१) प्रस्तुत सङ्कथनमा तर संयोजकले अघिल्लो र पछिल्लो दुई वाक्यलाई जोड्न मद्दत गरेको छ। यहाँ धन, बल, बुद्धि हरेक कुरामा देवीरमणको जित हुँदा पनि अपुतो भनेको सुन्दा हार्नुपरेको सन्दर्भलाई तर संयोजकले जोडेर व्याकरणिक संसक्ति व्यवस्था कायम गरेको छ। संयोजनपछि पनि संयोजित वाक्यहरू सुसंगत र संसक्त बनेका छन्। ‘‘सुभद्राको आदेश पाई हो वा नपाई हो आज उनले अघिकै कृत्यलाई फेरि दोहोऱ्याए। यसबाट उनको भलोकुभलो के हुने हो यस कुराको उनैलाई पनि ज्ञान थिएन।’’ (पृ.२) प्रस्तुत सङ्कथनमा ‘वा’ संयोजकले अघिल्लो र पछिल्लो वाक्य जोड्न मद्दत गरेको छ। यसरी कुनै सङ्कथनमा आएका सामान्य देखिने संयोजकहरूले अनुच्छेदभित्र रहेका कथनहरूलाई प्रवाहमय बनाएका हुन्छन्। ‘‘जुठोचुलो गरिदिए जसले पनि एक गाँस खान दिन्छ तर सोझीजस्ती छ, पस्नेबित्तिकै ढोगिदिई।’’ (२) नौली र सुभद्राबिच भएको यो संवादमा देवीरमणकी दोस्री श्रीमती भएर आएकी लक्ष्मीलाई लोग्नेको कोठामा रहेको आफ्नो ओछ्यान छोडेर आएपछि अब घरै छाड्न पर्ने हो कि भन्ने नौलीको कुराको जवाफ दिँदै गर्दा सुभद्राले बोलेका दुई वाक्यलाई जोड्न ‘तर’ संयोजनको प्रयोग गरी सङ्कथनलाई व्याकरणिक संसक्तियुक्त बनाइएको छ। ‘‘सुभद्राले आँगनमा आएर हेरिन्, एकछिनपछि त्यो विशाल नभस्थलबाट एउटा लामो ज्योति सल्ल बगेर तलतिर खस्यो किन्तु यो कालो पृथ्वीमा झर्न नपाउँदै बिचैमा लुप्त भयो।’’ (पृ.५) प्रस्तुत सङ्कथनमा अघिल्लो र पछिल्लो दुई वाक्यलाई ‘किन्तु’ संयोजक पदले जोडेर सङ्कथनलाई व्याकरणिक संसक्तियुक्त बनाएको छ।

यसरी ‘नासो’ कथाका धेरै ठाउँमा संयोजनको प्रयोग गरिएको छ। यसले कथामा प्रस्तुत भएका प्रसङ्ग र घटनाको निरन्तरतालाई जोडेर आपसी अन्तर्सम्बद्धता गाँसेको छ र कथामा प्रयुक्त भाषिक संरचनालाई परस्पर अन्वय गरी विचारलाई सुसङ्गठित बनाएको छ।

**नासो कथामा निपात**

निपातले कुनै वाक्य वा त्यस वाक्यअन्तर्गतका विविध भाषिक एकाइमा आश्रित रही पाठमा प्रयुक्त भएको आशयलाई विशेष भावका साथ प्रस्तुत गर्न सघाउँछ। यसले पाठमा भएको विचारको निश्चय, आग्रह, स्वीकृति, बल आदि भाव थप गर्न सहयोग पुऱ्याएको हुन्छ। नै, केवल, चाहिँ, मात्र, पनि, ल, है, न, त, पो, या, रे, के, कि, हँ, हगि, खै, लौ, हौ आदि नेपाली भाषाका निपातका रूपमा रहेका छन् (पौडेल र पोखरेल २०८०, पृ.२९)। प्रस्तुत ‘नासो’ कथामा पनि विविध निपातहरूको प्रयोग गरी वाक्यहरूलाई स्वादिष्ट एवम् चहकिलो बनाउने काम भएको छ। ‘‘सुभद्राले

मनमनले भनिन् - 'तीर्थबर्त गर्न त मलाई पो लैजानुपर्थ्यो। मेरो को छ र, छोरा न छोरी!" (पृ.४)। प्रस्तुत सङ्कथनमा जेठी श्रीमती सुभद्राले छोरो पाएकी कान्छी श्रीमतीलाई तीर्थबर्त लगेको अवस्थामा भावलाई संसक्त तुल्याउन बढीभन्दा बढी निपात प्रयोग गरिएको छ। यसमा त, पो, र, न जस्ता निपात आएर सरल र सरस सङ्कथन प्रवाह भएकाले वाक्य संसक्तियुक्त भएको देखिन्छ।

''उसलाई लिएर तीर्थ जानुभो त त्यसले के भो र ? फर्कनुभएपछि अर्को साथी लिएर म जाँदी हुँ। कहिलेकाहीँ अलि झर्केर बोल्दथी लौ, अलि झडङ्गे स्वभावकी थिई; स्वभावै त्यस्तो; एक ठाउँमा भएपछि कहिलेकाहीँ आमाछोरीमा पनि त ठाकठुक हुन्छ।'' (पृ.६) प्रस्तुत सङ्कथनमा देवीरमणले कान्छी श्रीमतीलाई तीर्थ लिएर गई घर आइसकेपछि कान्छी श्रीमतीको झर्को र फर्कोले गर्दा दिनदिनै रडाको मच्चिन थालेपछि जेठी श्रीमती सुभद्राले घर छोड्छिन् तर केही समयपछि आफू घर नहुँदा सारा घरव्यवहार लथालिङ्ग भएको थाहा पाई मैले त्यति कुरा सहिदिएको भए हुन्थ्यो, आमाछोरीमा पनि त झगडा पर्छ बरु सँगै बस्न नसकेको भए कटेरो बारेर छुट्टै बस्न सक्थेँ तर घर छोड्नु मेरो गल्ती भयो भनेर पश्चाताप गरेको सन्दर्भ आएको छ र यसरी यस सन्दर्भलाई अझ प्रभावकारी बनाउन त, र, लौ, पनिजस्ता निपातको प्रयोग भएको छ जसले सुभद्राद्वारा मनमनै सोचिएको यो प्रसङ्गलाई अझ बलियो बनाएको छ।

''आजै ओछ्यान छोड्नुपर्‍यो भोलि घरै छोड्नुपर्छ कि के जानिसक्नु छ र!''

''छोड्नुपरे छोडिदिउँला,कुन दौलथको चैन गरेकी छु र ?''

नौली र सुभद्राबिच भएको यस संवादमा देवीरमणले दोस्रो बिहे गरेर कान्छी दुलही ल्याएको पहिलो रात नै जेठी श्रीमती सुभद्राले ओछ्यान छोडेपछि भोलि घरै छोड्न पर्ने हो कि भन्ने प्रसङ्गमा कुनै सुखसम्पतिमा चैन नगरी दुःख गरेरै खाएको हुनाले परे छोड्दिउँला भन्ने सुभद्राको विचार यहाँ प्रस्तुत भइरहँदा यस आशयलाई अझ प्रस्ट पार्न कि, र जस्ता निपातको प्रयोग गरिएको छ। ''के सुभद्राले साँचो मनले सल्लाह दिएकी हो त ? सम्मति दिँदा किन अर्कोपट्टि फर्केर 'हुन्छ' भनेकी त ? मेरो ज्यादा आग्रह देखेर 'हुन्छ' भनेकी त होइन ?'' (पृ. २)। प्रस्तुत सङ्कथनमा देवीरमण दोस्रो बिहे गरेर दुलही लिएर आउँदैगर्दा उनका मनमा चलेका आँधीहुरीरूपी विचारहरूलाई प्रभावकारी बनाउन एउटै 'त' निपात तीन ठाउँमा प्रयोग गरिएको छ। यसले सङ्कथनलाई व्याकरणिक संसक्तियुक्त बनाएको छ। प्रस्तुत 'नासो' कथामा प्रशस्त ठाउँमा निपातको प्रयोग गरिएको छ। निपातले स्वयम्मा सार्थकता प्राप्त नगरे तापनि कथामा प्रयुक्त कुनै वाक्य वा त्यस वाक्यअन्तर्गतका विविध भाषिक एकाइमा आश्रित रही कथाको आशयलाई विशेष भावका साथ प्रस्तुत गर्न सघाएको छ।

## निष्कर्ष

कुनै विशेष परिवेशमा आएको भाषाले कुनै न कुनै अर्थ सन्दर्भलाई बोक्दछ तिनै अर्थ सन्दर्भहरुको खोजी गर्नु नै सङ्कथन विश्लेषण हो। सङ्कथनमा रहेका दुईवटा भाषिक युक्तिमध्ये संसक्ति एक महत्त्वपूर्ण युक्ति हो। यसले पाठभित्रको भाषिक अन्तर्सम्बन्धलाई हेर्दछ। संसक्तिका पनि व्याकरणिक र कोशीय गरी दुई प्रकार छन्। व्याकरणिक संसक्तिले पाठका वाक्यहरु एकआपसमा कसरी सम्बद्ध हुन्छन्, कसरी सङ्गति मिल्छ र संसज्जन प्रक्रिया के छ भन्ने पक्षको अध्ययन गर्दछ। यसअन्तर्गत सन्दर्भन, विलोपन, प्रतिस्थापन र संयोजन मुख्य भएपनि यस अध्ययनका क्रममा निपात पनि थपिन्छ। सन्दर्भन भनेको पाठमा नामपदका सट्टामा सर्वनामको प्रयोग गर्ने प्रक्रिया हो अर्थात् पाठमा अभिव्यक्त विचारलाई अर्थपूर्ण बनाउँदै उपयुक्त कार्य कारण शृङ्खलामा बाँधी विचारलाई अर्थपूर्ण बनाउन नामका सट्टामा सार्वनामिक शब्दहरुको उपयोग गरिनु सन्दर्भन हो। पाठमा नामपदको पुनरावृत्तिको विकल्पमा पदले

सन्दर्भनको काम गर्दछ । यस्तो सन्दर्भनको प्रयोगले जताततै नामपद दोहोरिएर पाठलाई भद्दा हुनबाट जोगाउँछ । नासो कथामा सन्दर्भनको प्रयोग सुरुदेखि अन्त्यसम्म नै विभिन्न अवस्थामा आई पुनरावृत्तिको बोझ न्यूनीकरण भएको पाइन्छ । पाठभित्र उपवाक्यमा, वाक्यमा भएका नाम, क्रिया, सहायक क्रिया आदिको पटक-पटक प्रयोग नगरी लोप वा विलोपन हुनु लोप प्रक्रिया हो । यस प्रक्रियामा दोहोरिएको संरचना लोप हुन्छ र अध्याहारबाट अर्थ सङ्गति कायम हुन्छ । नासो कथामा यस्ता पद लोप भई पाठ अझ अर्थपूर्ण र छरितो बनेको छ । सङ्कथनमा पहिले प्रस्तुत भइसकेको भाषिक सन्दर्भका सट्टा त्यसैसँग मिल्दो अर्को कुनै विशिष्ट भाषिक एकाइको प्रयोग हुनु प्रतिस्थापन हो । यसले सङ्कथनमा नवीनताको सिर्जना गर्दछ । कुनै पनि एउटा पद, पदावली, उपवाक्य, वाक्य वा अनुच्छेदको ठाउँमा समानान्तर अर्थ दिने अर्को शब्द, पद वा अन्य विविध वाक्यात्मक सन्दर्भ राखेर प्रतिस्थापन गरिन्छ । नासो कथामा प्रतिस्थापनको प्रयोग पाइन्छ । यसले पहिलेकै सन्दर्भ, प्रसङ्ग, घटना, विवरण नदोहोऱ्याई कथालाई व्याकरणिक संसक्तियुक्त बनाएको छ । दुई वा सोभन्दा बढी भाषिक एकाइलाई जोड्नका लागि पाठमा संयोजनको प्रयोग गरिन्छ । यसले पाठमा प्रयुक्त प्रसङ्ग र घटनाको निरन्तरतालाई जोडेर आपसी अन्तर सम्बद्धता गाँस्ने काम गर्छ । नासो कथामा विविध संयोजनको प्रयोग भई विचार विशृङ्खलित हुनबाट जोगिएको छ । निपातले कुनै वाक्य वा त्यस वाक्यअन्तर्गतका विविध भाषिक एकाइमा आश्रित रही पाठमा प्रयुक्त आशयलाई विशेष भावका साथ प्रस्तुत गर्न सघाउँछ । नासो कथामा विविध निपातको प्रयोग गरी वाक्यहरूलाई चम्किलो बनाइएको छ । यसरी सन्दर्भन, विलोपन, प्रतिस्थापन, संयोजन र निपात गरी पाँचवटा व्याकरणिक संसक्तिको प्रयोगका दृष्टिले उच्चकोटिको रचनाका रूपमा नासो कथालाई लिइन्छ ।

**सन्दर्भसामग्री सूची**


अधिकारी, हेमाङ्गराज (२०७४), *सामाजिक र प्रायोगिक भाषाविज्ञान* (छैटौँ संस्क.) रत्न पुस्तक भण्डार ।

गी. जे.पी. (सन् १९९९), अन इन्ट्रोडक्सन टु डिस्कोर्स एनालाइसिस : थ्यौरी एन्ड मेथड्स, यु.के. : रुजलेट ।

गौतम, देवीप्रसाद *(२०६८), सङ्कथन विश्लेषण; रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड* (सम्पा, राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम), रत्न पुस्तक भण्डार ।

घिमिरे, वासुदेव (२०६९), *सङ्कथन विश्लेषण परिचय र पद्धति,* काठमाण्डौं : इन्टेलेक्चुअल बुक प्यालेस ।

पौडेल, माधवप्रसाद र गोकुल पोखेल *(२०७०), सङ्कथन विश्लेषण सिद्धान्त र प्रयोग,* काठमाडौंः विद्यार्थी प्रकाशन प्रा.लि ।

भट्टराई, भरतकुमार (२०७१), 'सङ्कथन संरचना र संसक्ति व्यवस्था', *वाङ्मय,* (पूर्णाङ्क, १५), काठमाडौं : नेपाली केन्द्रीय विभाग, पृ. ४७-५७ ।

भुसाल, केशव (२०७८), *सङ्कथन विश्लेषणः सिद्धान्त र प्रयोग, काठमाडौं* : सन्लाइट पब्लिकेसन ।

मैनाली, गुरूप्रसाद (२०७६), *नासो* (बाईसौं संस्क.), ललितपुर : साझा प्रकाशन ।

ह्यालिडे, एम.ए.के. र हसन, आर. (सन् १९७६), कोहिजन इन इङ्लिस, लन्डन : लङम्यान ।